# विश्वकपको सेमिफाइनल समीकरण पूरा



**एजेन्सी**

**दोहा, २५ मंसिर**

कतार विश्वकप फुटबलको सेमिफाइनल समीकरण पूरा भएको छ । आइतबार बिहान सकिएको क्वाटरफाइनलका दुई खेलसँगै सेमिफाइनल समीकरण पूरा भएको हो । विश्वकपको सेमिफाइनलमा अर्जेन्टिना, फ्रान्स, क्रोएसिया र मोरक्कोले स्थान बनाएका छन् । आइतबार इंग्ल्याण्डलाई पराजित गर्दै फ्रान्सले र पोर्चुगललाई पराजित गर्दै मोरक्कोले अन्तिम चारमा स्थान बनाएका हुन् । यसअघि अर्जेन्टिनाले नेदरल्याण्ड्स र क्रोएसियाले ब्राजिललाई पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएका थिए ।

अब फाइनल प्रवेशका लागि फ्रान्सले मोरक्को र क्रोएसियाले अर्जेन्टिनाको सामना गर्नेछन् । सेमिफाइनलको पहिलो खेलमा मंगलबार राती पौने १ बजे क्रोएसिया र अर्जेन्टिना तथा बुधबार राती पौने १ बजे फ्रान्स र मोरक्को भिड्नेछन् ।

इंगल्याण्डलाई दुई-एक गोलअन्तरले पराजित गर्दै फ्रान्स सेमिफाइनलमा प्रवेश गरेको हो । तारको अल वयात रंगशालामा भएको खेलको १७औं मिनेटमा फ्रान्सका लागि अउरेलियन टकउमेनीले गोल गर्दै अग्रता दिलाउनुभएको थियो । खेलको ५४औं मिनेटमा इंग्ल्याण्डका लागि ह्यारी केनले गोल गर्दै खेल बराबरीमा ल्याउनुभयो । यस्तै ५८औं मिनेटमा ओलिभर गिराउण्डले गोल गरेपछि खेल फ्रान्सले जितेको थियो ।

यस्तै, क्वाटरफाइनलको अर्को खेलमा पोर्चुगललाई १-० गोलअन्तरले पराजित गर्दै अफ्रिकी राष्ट्र मोरक्को सेमिफाइनलमा पुग्यो । मोरक्कोका लागि खेलको ४२ औं मिनेटमा युसुफ एन नेसरीले गरेको गोल निर्णायक बन्यो । मोरक्को दोस्रो हाफको अतिरिक्त समयमा १० खेलाडीमा सीमित बनेको थियो । अतिरिक्त समयको तेस्रो मिनेटमा मोरक्कोका वालिद चेदिरा दोस्रो पहेँलो कार्डपछिको रातो कार्ड पाएर मैदानबाट बाहिरिनुभएको थियो ।

# श्वेतालाई विश्व शारीरिक सुगठनमा रजत

**हिमालय टाइम्स**

**काठमाडौं, २५ मंसिर**

थाइल्याण्डको फुकेटमा जारी १३औं विश्व शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा नेपालकी श्वेता कपालीले रजत पदक प्राप्त गर्न सफल हुनुभएको छ । पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्दै कपालीले महिला मोडल फिजिक्स विधामा पदक जित्न सफल हुनुभएको टिम व्यवस्थापक दिनेश राजभण्डारीले जानकारी दिनुभएको छ । यस पदकका साथै नेपालले सहभागिता जनाएको पुरुष र महिला दुवै विधामा पदक जित्न सफल भएको छ । पुरुष ६५ केजी तौल समूहमा प्रज्वलमान शाक्ले कास्य पदक जित्नुभएको थियो ।

थाइल्याण्ड शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स संघको आयोजनामा भएको च्याम्पियनसिप महिला मोडल फिजिक्सतर्फ फाइनल प्रवेश गर्ने क्रममा १० प्रतिस्पर्धीबीचबाट उत्कृष्ट पाँचमा पर्दै फाइनल प्रवेश गर्नुभएकी कपालीले तीन प्रतिस्पर्धी हंगेरी, थाइल्याण्ड तथा मंगोलियाका खेलाडीहरूलाई उछिन्दै दोस्रो स्थान प्राप्त गर्न सफल हुनुभएको हो । यस विधामा हङकङ चाइनाकी तु सुयत यान पहिलो हुँदै स्वर्ण पदक प्राप्त गर्न सफल हुनुभयो ।




संघका अध्यक्ष राजेशबाबु श्रेष्ठको नेतृत्वमा थाइल्याण्ड गएको टोलीको प्रशिक्षकमा विश्व शारीरिक सुगठनका रजत तथा कास्य पदक विजेता रुजेश शाही र अफिसियलमा संघका उपाध्यक्ष राजेश उपाध्याय रहनुभएको छ । यस्तै, निर्णायकको भूमिकामा दिनेश श्रेष्ठ रहनुभएको छ ।

च्याम्पियनसिपमा रजत र कास्य पदक प्राप्त गर्ने खेलाडीहरूलाई नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेस संघका अध्यक्ष राजेशबाबु श्रेष्ठले आफ्नो व्यक्तिगततर्फबाट नगदबाट सम्मान गर्ने घोषणा गर्नुभएको छ । अध्यक्ष श्रेष्ठले रजत पदक प्राप्त गर्ने खेलाडीलाई नगद एक लाख ५० हजार र कास्य पदक प्राप्त गर्ने खेलाडीलाई नगद ७५ हजार प्रदान गर्ने घोषणा गर्नुभएको टिम व्यवस्थापक दिनेश राजभण्डारीले जानकारी दिनुभयो ।

अध्यक्ष श्रेष्ठ विश्व शारीरिक सुगठन तथा फिजिक्स स्पोर्ट्स फेडेरेशनका साइन्स एण्ड रिसर्चका अध्यक्ष, एसियन शारीरिक सुगठन फिजिक्स स्पोर्ट्स फेडेरेशनका उपाध्यक्ष एवं दक्षिण एसियाली महासंघका अनररी लाइफटाइम अध्यक्षसमेत हुनुहुन्छ ।

# रग्बीको सेमिफाइनल समीकरण पूरा

**काठमाडौं/हिटा ।** यू-१८ एसियाली रग्बी सेभेन्स च्याम्पियनसिपको पुरुषमा सेमिफाइनल समीकरण तयार भएको छ । एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा भइरहेको प्रतियोगिताको समूह 'ए' बाट मलेसिया नौ अंकसहित विजेता तथा भारत पाँच अंकसहित उपविजेता बन्दै सेमिफाइनलमा पुगे ।

समूह 'बी' बाट युएइ नौ अंकसाथ विजेता तथा दक्षिण कोरिया सात अंकसाथ उपविजेताको हैसियतले सेमिफाइनलमा पुगे । सेमिफाइनलमा भारतको भेट युएइसँग हुनेछ भने दक्षिण कोरियाले मलेसियाको सामना गर्नेछ ।

समूह 'ए' मा रहेको नेपालले भारतसँगै समान पाँच अंक जोडे पनि स्कोर अन्तरका आधारमा पछि पर्‍यो । नेपालले भारतलाई १२-१० ले पराजित गरेको थियो । नेपाल थाइल्याण्डसँग १५-७ तथा मलेसियासँग ३४-० ले पछि पर्‍यो । पुरुषमा आठ टिम सहभागी छन् । नेपालसहित समूह चरणबाट बाहिरिएका थाइल्याण्ड, बंगलादेश र चाइनिज ताइपेइले प्लेट च्याम्पियनसिपमा पुनः प्रतिस्पर्धा गर्नेछन् । प्लेटमा नेपालले ताइपेइ तथा थाइल्याण्डले बंगलादेशविरुद्ध खेल्नेछन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको महिलाको राउण्ड रोबिन लिगमा भारत र थाइल्याण्डले समान तीन-तीन खेल खेल्दै समान सात-सात अंक जोडेका छन् । पाँच टिम सहभागी राउण्ड रोबिनमा दुवैको एक-एक खेल बाँकी छ । समान दुई-दुई खेल खेलेका युएइ, नेपाल र मलेसियाको क्रमशः ६ अंक, दुई अंक र दुई अंक रहेको छ ।

# ६ खेलाडी एसियन च्याम्पियनसिपका लागि छनोट



**हिमालय टाइम्स**

**काठमाडौं, २५ मंसिर**

नेपालका ६ खेलाडी एसियन टेबलटेनिस च्याम्पियनसिप छनोटमा सहभागी हुने भएका छन् । लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा जारी साउथ एसियन रिजनल च्याम्पियसिप २०२२ को शीर्ष १६ वरीयतामा स्थान बनाउँदै ६ खेलाडीले एसियन टेबलटेनिस च्याम्पियनसिप छनोट खेल्ने पक्का गरेका हुन् । पुरुषतर्फ पाँच खेलाडी छनोट हुँदा महिलातर्फ एक खेलाडी छनोट हुनुभयो ।

पुरुषतर्फ नेपालबाट सहभागी भएका संयोग कपाली, रुविन महर्जन, बिनेश खनियाँ, शिवसुन्दर गोथे र प्रदीप रोक्का गरी पाँचै खेलाडी छनोट हुनुभयो । महिलातर्फ नेपाल वरीयता एककी नविता श्रेष्ठमात्रै छनोट हुन सफल हुनुभयो । नेपालकी एलिना महर्जन, इभाना थापा, रविना महर्जन, सिक्का सुवाल श्रेष्ठ भने १६ वरीयतामा पर्न असफल हुनुभयो ।

समूह चरणमा विजयी हुँदै संयोग, रुविन, बिनेश र नविता छनोट भइसक्नुभएको थियो । शिव र प्रदीप शीर्ष १६ वरीयतामा स्थान बनाउँदै छनोट हुन सफल हुनुभयो ।

अन्तिम खेलमा शिव पाकिस्तानका हसिव ख्वाजासँग सोझो सेटमा हार्न पुग्नुभयो । शिवले अब नवौं वरीयताका लागि बंगलादेशका नाफिज इक्वालसँग प्रतिस्पर्धा गर्नुहुनेछ । यसैगरी प्रदीप बंगलादेशका रामहिमलियान वानसँग तीन-दुईको सेटमा पराजित भए पनि १६औं वरीयतामा रहन सफल हुनुभयो ।

पुरुषतर्फ नेपालका पाँच खेलाडी छनोट हुँदा पाकिस्तानका चार, बंगलादेश, भारत र श्रीलंकाका दुई-दुई खेलाडी तथा माल्दिभ्सका एक खेलाडी छनोट हुनुभयो । पुरुषतर्फ पाकिस्तानका हसिव खवाजा, मोहम्मद शाह खान, फहाद खवाज र फइजान जाहुर छनोट हुनुभयो । भारतका सनिल शंकर सेटी र हर्मित राजुल देसाइ छनोट हुँदा श्रीलंकाका प्रसाद जयशंका डी सिल्भा र भुवनेका निर्मला बन्दरा जयासिंघे भएका हुनुभएको छ । यसैगरी बंगलादेशका रामहिमलिआन बाव र नाफिज इक्वाल तथा माल्दिभ्सका मुसा मुन्सिफ अमहेन छनोट हुनुभयो ।

महिलातर्फ शीर्ष वरीयतामा भारत र श्रीलंकाका पाँच-पाँच खेलाडी छनोट हुँदा पाकिस्तान तीन र माल्दिभ्स, नेपाल र बंगलादेशका समान एक खेलाडी छनोट भएका छन् । भारतकी मनिका बट्रा, श्रीजा अकुला, रीथ रिस्या टेनिसन, अर्चना गिरिस कमाथ र दिया पाराङ चितल छनोट हुनुभयो । यसैगरी श्रीलंकाबाट विमन्दी सन्दिन्सा स्वा, मनिषा शालिन्दी, तामादी काभिन्ध्या, कसुनी हिमाय पितिगला, ओनेली लेहान्सा डोना छनोट हुनुभयो । पाकिस्तानकी हुर फवाद, पेनिया जहान खान र हाइक्वा हसन गरी तीन खेलाडी छनोट हुनुभयो । यस्तै, माल्दिभ्सकी फाथिमथ धिमा अलि, बंगलादेशकी आइशे रोहमन र नेपालकी नविता छनोट हुन सफल हुनुभयो ।

एसियन च्याम्पियनसिप छनोटमा यस प्रतियोगिताबाट महिला र पुरुष समान १६ खेलाडी छनोट भएका छन् । एसियन च्याम्पियनसिप सन् २०२३ को ७ देखि १३ जनवरीसम्म कतारको दोहामा आयोजना हुनेछ ।

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२६)

यस कार्यालयबाट मिति २०७९।०७।०४ गते प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ( VAT र PS सहित) |
|---|---|---|---|---|
| १. | GRM/NCB/WORKS/ DOLAKHA/05/2079-80 | BHORLE TINEKHU GAUPALIKA SADAK | **CHO ROLPA CONSTRUCTION, Kathmandu** | 1,05,83,209.32 |

प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जलस्रोत तथा सिंचाई विभाग**
**नागमती बाँध आयोजना**
**जावलाखेल ललितपुर**

**नागमती बाँध आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**पुन प्रकाशित मिति २०७९।०८।२५**

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग, नागमती बाँध आयोजना, जावलाखेल ललितपुर द्वारा सुन्दरीजल, गोकर्णेश्वर नगरपालिका-१, काठमाडौं, नागमती नदीमा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल सरकार<br>उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>जलस्रोत तथा सिंचाई विभाग<br>नागमती बाँध आयोजना, जावलाखेल ललितपुर<br>हाल गुह्येश्वरी, काठमाडौं<br>फोनः ०१-४११४३७४<br>इमेलः nagmati@dwri.gov.np, brbip.doi@gmail.com |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित नागमती बाँध आयोजानाको मुख्य उद्देश्य नागमती नदीमा बाँध निर्माण गरी सुख्खा मौसममा बागमती नदीमा पानीको उपलब्धता बढाउनका साथै २.१२ मेघावाट जलविद्युत उर्जा उत्पादन गर्नु रहेको छ । आयोजनाको मुख्य विवरण निम्नानुसार छ ।<br>• बाँधः ९४.५ मि. उचाइ, ५५४ मि. क्रेस्ट लम्बाइ र ७ मिटर क्रेस्ट चौडाई<br>• जलाशयः पूर्ण आपूर्ति स्तरमा ९०.४८४ लाख घन मिटर भण्डारण क्षमता रहेको ४८.०४ हेक्टरमा फैलिएको<br>• पेनस्टकः ०.६ मिटर व्यासको बाइफर्केशन पूर्व ३९४३.८८ मि. र बाइफर्केशन पश्चात ०.४ व्यासको ६.२५ मि. र ११.६३ मि. लम्बाइको २ एकाइ रहने<br>• विद्युतगृहः सतही किसिमको २२.५ मि. लम्बाइ र १५.६५ मि. चौडाई क्षेत्रफलमा निर्माण हुने<br>• आवश्यक जग्गा क्षेत्रफल<br>  ◦ सरकारी वन क्षेत्रः ६१.५६१ हे.<br>  ◦ निजीः करिब १.२९२ हे. |
| **प्रभाव पर्न जाने जिल्ला/न.पा** | काठमाण्डौ जिल्ला/गोकर्णेश्वर नगरपालिका वडा नं. १ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) तयारीको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जबिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न गोकर्णेश्वर नगरपालिका, शिवपुरी-नागर्जुन राष्ट्रिय निकुञ्जी तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ती वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकासित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नागमती बाँध आयोजना, जावलाखेल ललितपुर, हाल गौरिघाट, गुहेश्वरी फोनः ०१-४११४३७४<br>इमेलः nagmati@dwri.gov.np, brbip.doi@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | आर्किटेक्ट डीजाइन एण्ड सिभिल कन्स्ट्रक्सन प्र. लि., कोटेश्वर फोन : ०१-४१५५३११<br>इमेल : youradcc@gmail.com |

**प्रदेश सरकार**
**सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन कार्यालय, धनकुटा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशन मितिः २०७९/०८/२६**

यस कार्यालयबाट मिति २०७९/०७/०४ गतेको राष्ट्रिया दैनिक पत्रिकामा प्रकशित Construction of Urban Development and Building Office, Dhankuta सम्बन्धि सुचना अनुसार यस कार्यालयको नयाँ भवन निर्माणको लागि E–Bidding मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न बोलपत्रदाताको प्राविधिक प्रस्ताब सारभूत रुपमा प्रभावग्राही भएकोले निजले पेश गरेको आर्थिक प्रस्ताव E–Bid मार्फत मिति २०७९/०९/०४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिन खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम(५) को प्रयोजनार्थ सम्बन्धि सबैलाई जानकारी गराइन्छ ।

| ठेक्का नं. | कार्यको विवरण | प्राविधिक प्रस्तावमा सफल भएको बोलपत्रदाता |
|---|---|---|
| UDBO/DKT/ NCB/ Works / 01–08–2079/ 80 | Construction of Urban Development and Building Office, Dhankuta. | 1. Santi Nirman Sewa Myanglung–1 Terhathum<br>2. Tamakoshi Construction Company Pvt.Ltd.<br>3. Jateshwor Nirman Sewa Koteshwor–32, Kathmandu.<br>4. Laxmi Nirman Sewa Salleri–4<br>5. A.K.and Ganba Construction Shantinagar, Baneshwor<br>6. S.& P.Innovations Construcation Pvt.Ltd.Balkot–1, Suryabinayak<br>7. Shyam–Awai J.V.Chharagaun Ward No–4<br>8. Sashidhar–Kabil J.V.Biratnagar, Nepal.<br>9. Sara Shristi Nirman Sewa Pvt.Ltd.Dhankuta–4 |
| UDBO/DKT/ NCB/ Works / 01–09–2079/ 80 | Construction of Water Supply and Sanitation Division Office Building, Bhojpur. | 1. Marseli Nirman Sewa Danda Bazaar–3,Bhojpur. |

**कार्यालय प्रमुख**

CMYK